# धनगढीमाई नगरपालिका

# नीति तथा कार्यक्रम
# २०७६

धनगढीमाई नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

सिरहा, प्रदेश नं २

नेपाल

# धनगढीमाई नगरपालिकाको चौथो नगर सभामा प्रस्तुत् आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक नीति तथा कार्यक्रम

**क) संघीयता र सुशासन :**

- नगरपालिकाबाट प्रदान गरिने सेवाहरुलाई चुस्त दुरुस्त बनाई एकद्धार प्रणालीमा आबद्ध गरिने छ।
- ढिला सुस्ती तथा भ्रष्ट्राचार नियन्त्रण मा शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ।
- सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण जस्ता कार्यलाई निरन्तरता दिईने छ।
- यसै आ.ब. मा गुनासो सन्नका लागि टोल फ्रि नम्बरको व्यवस्था गरिने छ।
- प्रत्येक वडाहरुमा सुझाउ पेटिकाको व्यवस्था गरिने छ।
- जनताको गुनासो सुन्न नगरपालिकामा गुनासो सुन्ने अधिकारी तोकिने छ।
- जनताको गुनासोलाई सम्बोधन गर्न जनप्रतिनिधीको संयोजकत्वमा एक गुनासो सुनवाई समिति गठन गरिने छ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा क्रमशः Digital नागरिक वडा पत्रको व्यवस्था गर्दै लगिने छ।
- प्रवाह गरिने सेवाको प्रभावकारीता मापन गरि समसामयिक सुधार गर्नका लागि निरन्तर अनुगमन मूल्यांकनको संयन्त्र खडा गरिने छ।
- जनता र मेयर बीच प्रत्यक्ष सम्बाद तथा भेटघाटका लागि जनता संग मेयर कार्यक्रम संचालन गरिने छ।
- संघीय सरकार र प्रदेश सरकार संग समन्व गरि रिक्त दरबन्दीहरु पुर्ति गरिने छ।
- समग्र प्रशासनलाई चुस्त दुरुस्त र प्रबिधी मैत्री बनाईने छ।

**ख) आर्थिक विकास :**

**१. कृषि तथा पशुपन्छी**

- **"आर्थिक समृद्धीको पहिलो आधार कृषि"** भन्ने मूल नाराका साथ अगाडि सारिएको बिकासको प्रवाहलाई कृषि उत्पादनमा व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ।
- बढदो जमीनको खण्डिकरण र कृषि भुमि माथिको अतिक्रमणलाई नियन्त्रण गर्न चालु आ.ब. भित्रै जग्गाको बर्गिकण गर्ने कार्य सम्पन्न गरिने छ।
- नगरभित्र संचालनमा रहेको कृषि सूचना केन्द्र र कृषि पाठशालाहरुलाई निरन्तरता दिई यसलाई प्रत्येक वाडमा बिस्तार गरिने छ।
- तरकारी उत्पानमा नगरपालिकालाई आत्मनिर्भर बनाउन उन्नत प्रबिधी तथा बमौसमी तरकारी खेति सम्बन्धी तालिम संचालन गरिने छ।
- कृषि उत्पादन, प्रसोधन व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण का लागि प्रदेश सरकार संग समन्वय गरि Custom Hiring Center को स्थापना गरिने छ।
- बढदो रसायनिक मलको प्रयोगलाई घटाई प्रांगारिक मलको प्रयोग बढाउन Organic खेति प्रणालीलाई प्रोत्साहन गरिने छ। यसका लागि तालिमको व्यवस्था गरिने छ।
- कृषि तथा कृषक समूह गठन गरि सामुहिक अनुदान दिने नीति लिईने छ।
- नगदेवाली, तरकारी खेती, फलफूल नर्सरी, माछा, आँप खेतीलाई व्यवसायिक रुपमा विकास गर्नविशेष प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ।
- आगामी आ.व.मा पनि फलफूलका विरुवा वितरण गरिने कार्यलाई निरन्तरता दिईने छ।
- पशुपन्छीको व्यबसायिक पालनका लागि विशेष योजना बनाई अनुदानको व्यवस्था सहित सहुलियत दरमा कृषि ऋणको व्यवस्था गरिनेछ।

- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- धनगढी बजारको कृषि हाटबजारमा बहु उपयोगि कृषि भवन निर्माणका लागि बिस्तृत परियोजना प्रस्ताव तयार गरिने छ । यस कार्यका लागि संघीय सरकार शहरी विकास मन्त्राल संग समन्वय र सहकार्य गरिनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रम, उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घांस खेतिका कार्यक्रम संचालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारिकरणको प्रवन्ध मिलाइने छ ।
- कृषि उत्पादन अभिबृद्धिका लागि सिंचाई, डिप बोरिंग जस्ता योजना संचालनमा प्राथमिता दिईने छ ।
- कृषकहरुको सहुलियतका लागि अनुदानमा बिउ उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रमा Hybrid Technolgy अवलम्बन गरिने छ ।
- कृषि उत्पादनमा गुणत्मक सुधार गर्नका लागि बिभिन्न वडाहरुमा सम्भाब्यता अध्ययन गरि भौगोलिक बिशेषता अनुसार उत्पादनका बिशिष्टिकरण क्षेत्र (Pocket area) घोषणा गरिने छ ।
- कृषि उत्पादनलाई ब्यवस्थित गर्न कृषि बजारहरुको सुदृढिकरण गरिने छ ।
- कृषकले उत्पदन गरेको बस्तृहरु बिक्रीको सुनिश्चिताका लागि सहकारी तथा निजी क्षेत्र संग सहकार्य गरिने छ ।
- कृषकहरुको मनोबल उच्च बनाई उत्पादलाई प्रवर्द्धन गर्न बार्षिक रुपमा कृषि मेला तथा प्रदर्शनिको आयोजना गरिने छ ।
- प्राबिधिक शिक्षा मार्फत कृषि क्षेत्रको प्राबिधिक जनशक्ति उत्पादनमा जोड दिईने छ । यसका लागि प्राबिधिक शिक्षालय संग समन्वय गरिने छ ।

## २. सहकारी

- सहकारी मार्फत आधारभुत वर्ग तथा सिमांकिकृत समुदायको परिचालन गरि आर्थिक उत्पादनलाई तिब्रता दिई आत्मनिर्भर अर्थतन्त्रको विकास गरिने छ ।
- कृषि तथा कृषिजन्य उत्पादन तथा उद्योगको प्रवर्द्धनका लागि सहकारीताको माध्यमबाट अभियान संचालन गरिने छ ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी ऐन तत्काल जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कृषि उत्पादन र वजारिकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाईने छ ।
- सहकारी मार्फत कृषि फार्म तथा कृषि उद्योग संचालनमा प्राथमिकता दिईने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तिय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।
- सहकारी हरुलाई न्यूनतम ब्याजदरमा क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिने छ । साथै कार्यक्रम संचालनमा हुने गरेको दोहोरोपना हटाईने छ ।

## ३. उद्योग तथा वाणिज्य

- उद्योगका लागि आवश्यक पुर्वाधार तथा सेवा सुबिधा एकै थलोबाट प्रदान गर्नका लागि नगरपालिकको वडा नं ८ स्थित चियाबारी क्षेत्रमा औद्योगिक ग्राम घोषणा गरि पुर्वाधार निर्माणका लागि केन्द्र सरकार सँग समन्वय गरिने छ

- उद्योग स्थापनाका लागि उद्योग मैत्री नितिहरू अवलम्बन गर्नुका साथै उद्योगीहरूलाई उद्योग स्थापना गर्नविशेष प्रोत्साहित गरिने छ ।
- मेयर उद्यम कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई आवश्यक शीप र प्रबिधी हस्तान्तरण गरि उद्यमशीलताको बिकास गरिने छ ।
- महिला, दलित, बिपन्नहरुलाई औद्योगिक क्रियाकलापमा संलग्न गराई अनुदान सहुलियत प्रदान गर्नका लागि उद्यम विकास कोषको स्थापना गरिने छ ।
- नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्रि वातावरण श्रृजना गरीने छ । यसका लागि स्थानी बैंक तथा बित्तिय संस्थाहरु संग समन्वय र सहकार्य गरिने छ ।
- बैदेशिक रोजगारीमा जाने युवाहरुको लागि आवश्यक शीपको व्यवस्था गरिने छ ।
- उद्योग व्यवशायहरुको दर्ता तथा नियमन सम्बन्धी कार्यलाई अभियानको रुपमा संचालन गरिने छ ।
- उपभोक्ताहरुको हीत संरक्षणका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- नगरपालिका क्षेत्रमा उत्पादन हुने कृषि तथा मासुजन्य बस्तुहरुको लघु उद्योग स्थापनामा जोड दिईने छ ।

## ४. खानी तथा खनिज

- हाल अनियन्त्रित र अव्यवस्थित भैरहेको ग्राभेल माटोको उत्खनन् कार्यलाई व्यवस्थित बनाउनका लागि जमीनको बर्गिकरण गरि खानी तथा निर्माणजन्य पदार्थ उत्खनन् क्षेत्र तोकिने छ ।
- निर्माणमुखि खनिज पदार्थको उत्खनन् तथा ढुवानीलाई नियमन गर्न वडास्तरीय अनुगमन समिति गठन गरिने छ
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको सर्वेक्षण, अन्वेषण, संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनका लागि **खानी तथा खनिज पदार्थ सम्बन्धी नियमावली जारी गरिने छ ।**
- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको ठेक्का मार्फत उत्खनन् तथा संकलन शुल्क असुली गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- ग्रभेल उत्खननका लागि क्षेत्र २ नं प्रदेशकै आकर्षणको केन्द्रको रुपमा रहेको वडा नं ८, ९, १० र १३ क्षेत्रबाट हुने उत्खनन् कार्यलाई व्यवस्थित र व्यवशायिक बनाउनका लागि ***निजी जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्, ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि*** बनाई लागु गरिने छ ।
- तोकिएको मापदण्ड बिपरित उत्खनन् गर्नेलाई कडा सजायको नीति लिईने छ ।
- उत्खनन् कार्य गर्दा जलवायु परिवर्तनलाई ध्यान दिईने छ ।

## ५. रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण

- नगर भित्र बसोबास गर्ने बेरोजगार युवाहरुको शीप क्षमता अभिबृद्धि गरि रोजगार प्रवर्द्धनका लागि मेयर उद्यम कार्यक्रम संचालन गरिने छ ।
- गरिबी निवारणका लागि CTEVT, शीप विका केन्द्र लगायतका निकाय संग समन्वय गरि निशुल्क तालिम प्रदान गरिने छ ।
- शीप प्राप्त युवाहरुको लागि बैंक मार्फत सहुलियत ऋण प्राप्त गर्ने व्यवस्था गरिने छ ।
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अनुसार उल्लेख्य बरोजगार हरुलाई तालीम तथा रोजगारी प्रदान गरिने छ ।
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेखन गरी वास्तविक सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- युवाहरुलाई सरकारी सेवा प्रति आकर्षित गराउनका लागि लोकसेवा आयोग तयारी कक्षा संचालन गरिने छ ।
- मेयर उद्यम कार्याक्रम मार्फत यस नगरपालिका क्षेत्र भित्र आवश्यक हुने प्राबिधिक जनशक्ति नगरपालिका भित्रै उत्पादन गरि श्रम आयात लाई निरुत्साहित गरिने छ ।

## ग) सामाजिक विकास

### १. शिक्षा

- **"दक्ष जनशक्ति गुणस्तरीय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने मुल नारा लिएको यस नगरपालिकाले आगामी दिनमा समेत सहित शैक्षिक क्षेत्रमा व्यापक सुधारका नीतिहरुलाई निरन्तरता दिइनेछ ।
- १ देखि ३ कक्षा सम्मका बालबालिकाको मनोबिज्ञान बुझी बौद्धिक क्षमता अभिबृद्धि गर्नका लागि एक कक्षा एक शिक्षकको नीति लिइनेछ ।
- विद्यालयका भौतिक पूर्वाधार सुदृढिकरणलाई बिशेष प्राथमिकतामा राखिनेछ र बिद्यालयको भौतिक पुर्वाधारको बिकासको लागि प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरिनेछ ।
- आगामी आर्थिक बर्षभित्र माध्यमिक स्तरका सबै विद्यालयहरूमा विद्युतीय पुस्तकालय (E-Library) को व्यवस्था गरिनेछ ।
- यसै आ.ब. भित्र सबै माध्यमिक बिद्यालयहरुमा बिद्युतीय बिद्यालय ब्यवस्थापन प्रणाली (School Management System) स्थापना गरी बिद्यालयको ब्यवस्थापनमा सुधार गरिनेछ ।
- आगामी ४ बर्षभित्र नगरलाई पूर्ण साक्षर नगर बनाउने नीतिलाई निरन्तरता दिइनेछ । बिद्युतीय शिक्षण सिकाइको नवीन पद्दतिको प्रयोगलाई बढाउदै लगिनेछ ।
- अति गरीव दलित, असहाय, हरुवा चरुवा तथा द्वन्द्व पिडित बालबालिकालाई **"नगर प्रमुख शैक्षिक छात्रबृति"** प्रदान गरी पढ्न पाउने हकको सुनिश्चित गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- धनगढीमाई नगरपालिकाको वडा नं ९, मुसहरनियनमा स्थापना गरिएको बिद्युतीय पुस्तकालयलाई थप व्यवस्थित बनाइनेछ ।
- **"एक वडा एक नमुना बिद्यालय"** संचालन गर्ने नीतिलाई निरन्तरता गरिने छ ।
- शैक्षिक बेरोजगारी समस्यालाई ध्यानमा राखी व्यवसायिक, सीपमूलक र व्यवहारिक शिक्षामा जोड दिईनेछ ।
- बिद्यालयको शिक्षणमा प्रभावकारिता ल्याउन अनुगमन, निरिक्षण र सुपरिवेक्षण गरिनेछ ।
- शिक्षामा सबैको समान अधिकार र पहूँच पुऱ्याउन अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक उपलब्धीको आधारमा शिक्षक एवं बिद्यालयलाई पुरस्कृत गरिनेछ ।
- बार्षिक रुपमा एक पटक सिकाई उपलब्धि मापन गरिने छ र सोका आधारमा Continue Assessment System लागु गरिनेछ ।
- बिद्यालयहरुले बर्षमा कम्तिमा २ पटक अभिभावक भेला बोलाउनु पर्नेछ ।
- यस नगरपालिकाको ५ नम्बर वडामा बहुमुखी प्राबिधिक बिद्यालय स्थापना गरि आगामी आर्थिक बर्षबाट पठन पाठनको शुरुवात गरिनेछ ।
- वडा नं ९ मा प्राबिधिक शिक्षालय स्थापनाको लागि संघीय सरकार संग समन्वय गरिनेछ ।
- प्राविधिक विद्यालय संचालन गर्न विद्यालयलाई विशेष अनुदान सहयोग गरिनेछ ।
- दलित तथा बिपन्न समुदायका बालबालिकाको शैक्षिक गुणस्तर सुधार गर्न त्यस क्षेत्रका बिद्यालयहरुम विशेष तथा थप कक्षा संचालनका लागि अनुदान दिइनेछ ।
- स्थानीय भाषाको संरक्षण तथा सम्बर्धनका लागि स्थानीय भाषामा आधारित पाठ्यक्रम तयार गरी पठनपाठन गर्ने कार्यका लागि समुदायलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा रहेका बालक्लवलाई थप व्यवस्थित गरिनेछ ।
- महिनाबारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गरी विद्यालयमा नै छात्रामैत्री शौचालय एवम् निस्शुल्क स्यानेटरी प्याडको व्यवस्था गरिनेछ ।
- सबै विद्यालयहरुमा स्वच्छ खानेपानी र साबुन पानीले हात धुने व्यवस्था लागु गरिनेछ ।
- वडा कार्यालयको सिफारीसको आधारमा वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरुलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारीसहरु) बाट बञ्चित गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

- स्थानीय सरकारको काम कर्तव्य र अधिकार साथै स्थानीय कला संस्कृति, धर्म रहनसहन भेषभूषा झल्कने तथा सरकारलाई स्थानीयवासीले गर्नु पर्ने सहयोग विषय समावेश गरी सोहिबमोजिमको पाठ्यक्रम नगर भित्रका सबै संस्थागत र नीजि बिद्यालयमा समावेश गर्नु पर्ने नीतिलाई कार्यान्वयमा ल्याईनेछ ।
- सबै बिद्यालयहरुले बार्षिक तथा मासिक पाठयोजना बनाई सोही बमोजिम शिक्षण गर्नुपर्ने ब्यवस्थालाई अनिवार्य गरिनेछ ।
- नगरभित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रर्ष्फुटन गर्ने कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- विद्यालयको खाजा कार्यक्रमलाई वास्तविक विद्यार्थी संख्याको आधारमा व्यवस्थित गर्दै लगिनेछ ।
- नगर भित्रका सबै विद्यालयमा रंगरोगन गर्दा नगरपालिकाले एकरुपता हुनेगरी गर्ने व्यवस्थालाई कार्यान्वियनमा लगिने छ ।
- नगरभित्रका विद्यालयको परीक्षालाई नगरस्तरीय बनाई व्यवस्थित गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको भौतिक पूर्वाधार ब्यवस्थापनका लागि उपयुक्त निर्णय लिइनेछ
- नगर क्षेत्रका विद्यालयका प्रधानाध्यापकसंग कार्यसम्पादन सम्झौता गरी सोलाई मूल्यांकनको आधार बनाउने कामको शुरुवात गरिनेछ ।
- बाल बिकास केन्द्रका सहयोगि कार्यकर्ताहरुलाई प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ ।
- सबै सरकारी विद्यालयमा वर्षमा कम्तिमा एकपटक सबै विद्यार्थीको स्वस्थ्य परीक्षण गर्ने कार्यको थालनि गरिनेछ
- निजी विद्यालयको विद्यार्थी शुल्क निर्धारण नेपाल सरकारको मापदण्ड भित्र रहेर संचालन गर्न एवं तोकिएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँ दर्ता वा कक्षा स्तरोन्नतिको स्वीकृति दिइने नीतिलाई निरन्तरता दिईनेछ ।
- निजी विद्यालयहरुलाई सरकारले तोकेको गरीव विपन्न तथा सीमान्तकृत समुदायको कोटा अनिवार्य रुपमा पुरा गर्नु पर्ने व्यवस्थालाई कडाइका साथ पालना गराइनेछ ।
- अपांगता भएका दृष्टिबिहीन बिद्यार्थीहरुलाई उच्च शिक्षा हासिलका लागि बिशेष छात्रबृत्तिको ब्यवस्था गरिनेछ ।
- बिद्यालय ब्यवस्थापन समितिमा बिद्यार्थी समेत सहभागी हुने ब्यवस्था मिलाइनेछ ।
- नगर भित्रका बिद्यालयमा कार्यरत शिक्षक हरुको सरुवा गर्ने कार्यको थालनी गरिनेछ ।
- रिक्त शिक्षक पदहरुको पुर्तिका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- नगर भित्र खेलकुदको प्रवर्द्धन गरी युवाहरुलाई नैतिकवान बनाउनका लागि बार्षिक रुपमा नगर स्तरीय मेयर कप संचालन गरिनेछ ।

## २. स्वास्थ्य

- स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सबै नागरबासिमा समान पहुँच पुर्‍याउने नीतिलाई निरन्तरता दिईनेछ ।
- सबै स्वस्थ्य चौकीहरुमा निःशुल्क औषधीको व्यवस्था गरिएकोमा यसको मात्रालाई क्रमशः बढाउँदै लगिने छ ।
- नगरपालिकाले लिएको No More Home Delivery नीतिलाई निरन्तरता दिईने छ ।
- यसका लागि स्वास्थ्य चौकिमा नियमित स्वास्थ्य जाँच गराउने गर्भवतिका लागि स्वास्थ्य जाँच गराउन आउदा १ क्यारेट अण्डा वा ५०० ग्राम घिउ प्रदान गरिने छ ।
- महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर जाँच गर्नका लागि Pab Test को सेवा उपलब्ध गराईने छ र
- वडा नं ९ स्थित नैनपुर स्वास्थ्य चौकिमा एक्सरे फार्मेशि तथा एम बिबि एस डक्टरको ब्यवस्था गरि अस्पताल स्तरको सेवा प्रदान गरिने छ ।
- यसै आ.ब भित्रै स्वास्थ्य चौकि नभएका वडा समेत गरि ९ वटा वडाहरुमा सुबिधायुक्त स्वास्थ्य चौकि भवनको निर्माण प्रारम्भ भई आगामी आ.ब बाट सेवा प्रवाहको थालनी गरिने छ ।
- स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं भन्ने नारालाई साकार बनाउन सरसफाई सम्बन्धि क्रियाकलापलाई अभियानको रुपमा संचालन गरिनेछ
- नैनपुर स्वास्थ्य चौकिमा २४ घण्टा आकष्मिक सेवा निःशुल्क संचालनका लागि व्यवस्था मिलाईनेछ

- स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै जनतामा पुऱ्याउन सचेतना वा जागरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- सार्वजनिक निजी साझेदारीमा अस्पताल स्थापना र सञ्चालन कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- नगर क्षेत्रमा एक एम्बुलेन्सको व्यवस्थाका गरि २४ सै घण्टा संचालन गरिनेछ ।
- **"हाम्रो व्यवहार स्वास्थ परिवार"** भन्ने नारालाई सफल पार्न आगामी आर्थिक बर्ष भित्र सबै वडाहरुमा स्थास्थ्य केन्द्र स्थापना गरि संचालनम ल्याईनेछ ।
- शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाईनेछ ।
- नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा नगर क्षेत्रमा एउटा ब्लड बैंक स्थापना गर्न पहल गरिने छ ।
- महिला, बालबलिका तथा जेष्ठ नागरिकको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर संञ्चालन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुधार गर्दै प्रबिधि मैत्रि बनाउदै लगिनेछ ।
- स्वास्थ्य क्षेत्रको सूचना तथ्यांकलाई केन्द्रिय सूचना प्रणाली HMIS मा नियमित प्रविष्टि गराउनका लागि छुट्टै HMIS Desk स्थापना गरिनेछ ।
- स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहनको लागि कार्यक्षमतामा आधारित प्रोत्साहन प्रणालीको ब्यवस्था गरिनेछ ।
- नगर क्षेत्र भित्र भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा दिईनेछ । साथै, सबैस्वास्थ्य चौकीहरूमा क्रमशः बर्थिङ् सेन्टर स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- सबै स्वास्थ्य चौकी र अस्पताललाई बिरामी मैत्री बनाईनेछ ।
- नगरपालिकाको वाडा नं. १० मा रहेको अधुरो प्राकृतिक चिकित्सा भवनलाई आगामी आर्थि बर्ष भित्र पूर्णता दिई सञ्चालन गरिनेछ ।
- जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भफेर्ने, मृगौला खराब भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधी उपचार सहयोगका अतिरीक्त नगरबाट यातायात खर्च स्वरुप प्रति बिरामी रु ५०००। (अक्षरेपी पाच हजार रुपैया) एक पटकका लागि उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्र संचालनमा रहेका निजी अस्पताल तथा क्लिनिकहरुको नियमन तथा अनुगमनको प्रभावकारी ब्यवस्था मिलाईनेछ ।
- चालु आर्थिक बर्ष भित्रै यस नगरपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ ।
- हाल संचालनमा रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई ब्यापक बनाई सर्वसाधारणको पहुच बढाईनेछ ।
- अति बिपन्न, अपांग, दृटिबिहीन, जेष्ठ नागरिक हरुका लागि ल्यब टेष्ट सेवा निशुल्क उपलब्ध गराईने छ ।

## ३. खानेपानी तथा सरसफाई

- यस नगरपालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमलाई प्रदेशबाट सञ्चालितमुख्यमन्त्री स्वच्छता अभियान संग आबद्ध गरिने छ ।
- यस नगरपालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई यसै योजनाको लक्ष्य पूरा गर्न एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधाम ापहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माणगर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने नीति लिइनेछ ।
- संस्थागत सरसफाइ (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हातधुने र महिनावारी सरसफाइ) सुविधा सुनिश्चित गर्दै लगिने छ ।
- समुदाय स्तरमा सरसफाइ र स्वच्छता अभियान सञ्चालन गर्न यसलाई सामाजिक विकासको महाअभियान संग आबद्ध गरिने छ ।
- प्रकृतिक प्रकोप एवं विपद संग जुध्न सक्ने खानेपानी र सरसफाइ संरचना निर्माणका साथै बिपद पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गरिने छ ।
- सुद्ध तथा गुणस्तरीय खानेपानी सुबिधालाई मौलिक हकको रुपमा सुनिश्ति गरिने छ ।

- शुद्ध खानेपानीका लागि आर्सेनिक र क्लोरिफर्म जाँच गरिने छ ।
- खानेपानी सुबिधाको अभाव भएको १३ र १४ वडाहरुमा पानीको बैकल्पिक स्रोतको रुपमा ईनार तथा पानीको मुहान हरुको संरक्षणका लागि बिशेष पहल गरिनेछ ।
- युनिसेफ नेपालको सहयोगमा यस नगरपालिकाको १३ नं वार्डमा निर्माण भएको दुरबिन डाँडा खानेपानी आयोजनालाई अत्याधुनिक प्रबिधी मैत्री (Smart) बनाई सो क्षेत्रलाई सुरक्षित खानेपानी समुदाय (Water Safe Community) को रुपमा स्थापना गरिनेछ ।
- यस नगरपालिकामा संचालनमा रहेको सबैकोलागि खानेपानी तथा सरसफाईमा तिब्रता (ASWA-2) कार्यक्रमलाई निरन्तरता दिई यसलाई सामाजिक परिचालनको महाअभियान संग आवद्ध गरिनेछ ।
- हाल निर्माण भएका सार्वजनिक सौचालयहरुलाई ब्यवस्थित गर्दै लगि बजार चोकहरुमा थप सार्वजनिक सौचालयहरु निर्माण गरिनेछ ।
- ***पूर्ण सरसफाई तपाईको पहिचान, दिगोपनाको सुनिश्चितता हाम्रो अभियान*** भन्ने नाराका साथ पूर्ण सरसफाईका लागि ब्यवहार परिवर्तनको अभियान संचालन गरिनेछ ।
- वडा नं ८, ९, १२ र १३ मा  निर्माणधिन खानेपनी योजनाहरु यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्नका लागि सम्बन्धित निकाय संग समन्वय गरिने छ ।
- नगर क्षेत्रलाई प्लाष्टिक मुक्त बनाउनका लागि प्लाष्टि झोलाको प्रयोगलाई निरुत्साहित गर्द लगिनेछ ।

## ४.युवा खेलकुद तथा मनोरञ्जन

- नगरपालिकामा खेलकुदको सर्वांगिण विकासका लागि धनगढीमाई नगरपालिका स्तरीय **नगर खेलकुद विकास समिति** गठन गरिएकोमा खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि यस समितिलाई सक्रिय बनाईनेछ ।
- यस नगरपालिकाको वडानं १२ मा रंगशाला निर्माणको सम्भाव्यता अध्ययन भैरकेकोले आगामी आर्थिक बर्ष भित्र रंगशाला निर्माण कार्यको थालनी गरिनेछ । यसको लागि प्रदेश तथा संघीय सरकार संग समन्वय र सहकार्य गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई खेलकुद प्रति आकर्षण गर्न विद्यालयहरुलाई खेलकुद सामाग्री खरीद तथा खेल मैदानको स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको १४ वटै वडामा  खेलकुद लगायत बहुउद्देश्यीय युवा क्लब गठन गरिनेछ । ती युवा क्लबहरुलाई निश्चित अनुदान रकम उपलब्ध गराई सामाजिक विकासका अरु क्षेत्रमा आम युवाका सहभागिता सहितको कार्यक्रम परिचालनमा प्रोत्साहन गरिनेछ ।
- नगरपालिका भित्रका सबै विद्यालयहरुलाई खेलकुद सामाग्री वितरण एवं खेल प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था क्रमशः मिलाईनेछ ।
- वर्षको कम्तिमा १ पटक नगर स्तरमा धनगढीमाई मेयर कप खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।
- वडा स्तरमा छनौट भएका खेलाडिहरुलाई राष्ट्रिय स्तरको खेलाडिको रुपमा बिकास गरिने छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता नगर भित्रका खेलाडीलाई विशेष सम्मान तथा नगद पुरस्कार सहित जीविकाका लागि बैकल्पिक व्यवस्थाको पहल गरिनेछ ।
- युवाहरुलाई उत्पादन सहकारी, क्षमता बिकास, सामाजिक नेतृत्व र सिपमुलक तालिमद्धारा दक्ष बनाइ बिकास कार्यमा लगाइनेछ ।
- बैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वाताबरण तयार गर्न कृषि, पर्यटन, उद्योग ब्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठुलो लगानीको वाताबरण तयार गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फात बेरोजगारको तथ्यांक संकलन गरी कम्तिमा १०० दिन जगारको ब्यवस्था मिलाउनका लागि पहल गरिनेछ ।
- बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमुलक तालिम, शिक्षा र प्रबिधी हस्तान्तरण कार्यक्रम अगाडी बढाइनेछ ।
- मेयर उद्यम कार्यक्रम मार्फत नगर क्षेत्र भित्र १ बर्षमा कम्तिमा ५०० जना युवा उद्यमी उत्पादन गरिनेछ ।

## ५.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- बिपन्न, महिला तथा पछाडि पारिएका वर्ग तथा समुदायको क्षमता अभिबृद्धि गरि व्यवहार परिवर्तन गर्नका लागि सामाजिक परिचालनको महा अभियान संचालन गरिनेछ ।
- विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।
- मधेशी, मूस्लीम तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हक हितको संरक्षण, सम्बर्धन गर्दै सम्बन्धित वर्गको भाषा, कला, साहित्य, धर्मलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरीनेछ ।
- यौनीक तथा लैंगीक रुपमा अल्पसंख्यक समूदायको हक हितका संरक्षण र संरक्षणको लागि विशेष व्यवस्था गरीनेछ
- विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरीनेछ ।

### ५.१ महिला

- महिलाको मौलिक हक अधिकार एवं विकासका लागि आवश्यक कदम चालिनेछ ।
- महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडी बढाइनेछ ।
- महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, वालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाइने र सबै वडा कार्यालयमा यस सम्बन्धी अलग्गै डेस्क बनाइनेछ ।
- नगरपालिकाले एकल महिलाहरुको संरक्षण र सुरक्षा गर्ने नीति अबलम्बन गर्नेछ । जसका लागि नगरपालिकाकाले **एकल महिला कोष** खडा गरी आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि कार्यक्रमको प्रकृति र प्रभावकारीता हेरी अनुदान दिने नीति अबलम्बन गरीनेछ ।
- गाउँस्तरमा महिला सहकारी तथा समुहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा बृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरोकारवालाहरुलाइ किशोर किशोरी मैत्री स्वस्थ्य सेवाको महत्वको बारेमा अभिमुखिकरण गरिनेछ ।
- बृहत पोषण लक्षित कार्यक्रमको स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वयंम सेविकालाई तालिम संञ्चालन गरिनेछ ।
- महिलाको क्षमता अभिबृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरीनेछ ।

### ५.२ बालबालिका

- बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्युनीकरण गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।
- बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बालबालिकाको उनीहरुका लागि गरीने निर्णय प्रकृर्यामा अर्थपूर्ण सहभागीता गराउनका लागि नगरले विशेष पहल गर्ने छ ।
- बाल विवाह निरुत्साहित गर्न विवाह अघि अभिभावक वा संरक्षकले अनिवार्यरुपमा वडा कार्यालयबाट जन्ममिति प्रमाणित गर्नु पर्ने नीति लिईने छ ।
- नगरपालिकालाई बालमैत्री नगर बनाई भावि पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिने छ ।
- नगरलाई बालमैत्री नगरको रुपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरीनेछ ।
- बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।
- बाल क्लब र बाल संञ्जालहरु मार्फत बालबालिकाको चेतना अभिबृद्धि गरिनेछ ।
- बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन भन्ने नीति अवलम्बन गरिनेछ ।
- विद्यालयमा भर्ना भएका किशोरीहरुको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतना तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरीनेछ ।
- बालक्लब गठन र सञ्चालनका लागि कार्यविधि बनाई वडा कार्यालय मार्फत बालक्लब गठन र सञ्चालन गरीनेछ
- नगरका विभिन्न स्थानमा स्थानीय नागरिक र सार्वजनिक नीजि साझेदारीमा बाल उद्यान निर्माण गरीने छ । यस प्रकारका बाल उद्यान निर्माणमा नीजि तथा सामुदायिक विद्यालयको सहकार्यलाई प्राथमिकता दिईनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र हरुको स्तरोन्नति गरिनेछ ।

**५.३. जेष्ठ नागरिकः**

- आगामी आर्थिब बर्ष भित्र सबै वडाहरुमा बैंकहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको ब्यवस्था मिलाईनेछ र ८० वर्ष उमेर नाधेका जेष्ठ नागरिक तथा अशक्त अपांगहरुलाई घर घरमै भत्ता पुर्याउने व्यवस्था गरीनेछ ।
- जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाउन वडा मार्फत परिचय पत्र बितरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही हरुको अभिलेखलाई Online Entry गरिसकिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिक हरुको समय ब्यवस्थापन र मनोरञ्जनका लागि दिवा सेवा केन्द्रको स्थापना गरिनेछ ।
- जेष्ठ नागरीक दिवसका दिन नगरपालिका क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरि जेष्ठ नागरिक आशिर्वाद महासभाको आयोजना गरिने छ ।
- कम्तिमा बर्षमा २ पटक घर दैलोमै गई जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच गर्ने ब्यवस्था मिलाईनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

**५.४.दलित समुदाय :**

- दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा बिकास गरिने नीति अवलम्बन गरिने छ ।
- जातिय छुवाछुत एबं भेदभाव बिरुद्धको कानुनलाई कडाईका साथ लागु गरि सामाजिक परिचालनको महा अभियानमा यसलाई आबद्ध गरिने छ ।
- विपन्न दलितबस्ती पहिचान गरी नमुनाबस्ती बिकास कार्यक्रम क्रमश कार्यान्वयन गरिनेछ ।
- जातिय बिभेद र उत्पीडनका बिरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- यस नगरक्षेत्र भित्र छुवाछूत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरु तय गरी लागू गरीने छ ।
- सबै दलित बस्तीहरुमा सडक, खानेपानी र बिद्युतीय सेवा अनिवार्य रुपमा प्रवाह गरिने छ ।

**५.५ आदिवासी जनजाती :**

- सदियौं देखि नगर क्षेत्र भित्र बसोबास गरिआएका आदिवासी जनजातीहरुको भाषा संस्कृति र भेषभुषा संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।
- आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, भेषभूषा, भाषालीपि, कला, संस्कृति को संरक्षण र सम्बर्द्धनका लागि जातिय संग्रहलय संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।
- आदिबासी जनजाति वर्गका युवाहरुलाई सरकारी सेवामा आबर्षित गराउनका लागि छुट्टै लोकसेवा आयोग तयारी कक्षा संचालन गरिनेछ ।
- आई. एल. ओ. र जलबायु परिवर्तन सन्धीमा उल्लेख भएका जनजातिहरुको हक अधिकारको सुनिश्चिततामा ध्यान दिईने छ ।
- प्रत्येक बर्ष बिश्व आदिवाशी तथा जनजाति दिवसलाई उत्सवको रुपम मनाईने छ ।

**५.६ अशक्त /अपांगताः**

- नगरपालिकामा निर्माण हुने सम्पूर्ण भौतिक पुर्वाधारहरुलाई अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता तथा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाइ लागु गरिनेछ ।

- नगरभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरि परिचय पत्र नेछ ।
- नगर भित्र निर्माण हुने जुनसुकै प्रकृतिका सार्वजनिक संरचना अपांगमैत्री बनाईनेछ ।
- पूर्ण अपांगता भएका नागरिकहरुलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्धारा बैंक मार्फत निजहरुकै घरमा पुर्याईने व्यवस्था मिलाईनेछ ।
- अपांगता भएका नागरिकहरुलाई नगरपालिकाले जुनसुकै प्रकारका सिफारीस गर्दा वा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिईनेछ ।

### ५.७. संस्कृति सम्पदा तथा पर्यटन प्रवर्धन

- **"सुन्दर धनगढीमाई समृद्ध धनगढीमाई आम नगरबासीको मुख्य ठम्याई"** भन्ने मुल नाराका साथ पर्यटन प्रबर्द्धन र विकास गर्न **पर्यटन गुरु योजना** तयार गरिने छ ।
- नगरपालिका भित्रका सम्भाब्य पर्यटनस्थलको पहिचान गरि पुर्वाधार विकासमा जोड दिईने छ ।
- स्थानीय भाषा कला संस्कृतिको अन्ययन अनुसंधान संरक्षण र विकासमा जोड दिईनेछ ।
- नगर भित्र रहेका प्रचिन मठ मन्दिर गुठी तथा ताल तलैयाहरुको स्तरोन्नति र संरक्षण गरिनेछ ।
- नगर भित्रका मूल सडक किनारमा बृक्षारोण गर्दै लगिनेछ ।
- विद्यापतिका साहित्यिक कृतिलाई खोज गरी विद्यापति अध्ययन अनुसन्धान केन्द्र निर्माण गरिनेछ ।
- नगर भित्र रहेका लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालीगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको राय सुझावको आधारमा कला साहित्य र संस्कृतिको प्रबर्द्धनको कार्यक्रम तर्जुमा गर्ने कामको थालनी गरिनेछ ।
- नगरका बिभिन्न स्थानमा स्थानीय परम्परा तजा जातिय पहिचान झलिक्ने स्तम्भ निर्माण गरिनेछ ।
- पुरातात्विक महत्वका मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र ब्यबस्थापनको लागि प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरिनेछ ।
- नगरपालिकाको १४ नं वडाको राईरईनिमा स्थापित मदन भण्डारी मेमोरियल पार्कलाई ऐतिहासिक पर्यटकीय स्थलको रुपमा प्रवर्द्धन गरिने छ ।

### ५.८. गैर सरकारी संघ संस्था

- संघ, संगठनहरुको गठन, दर्ता, नबिकरण र संञ्चालन गर्ने गराउने कार्य धनगढीमाई नगरपालिकाको संस्था दर्ता ऐन बमोजिम नियमित रुपमा गरिनेछ ।
- नगरपालिका भित्र आफ्नो योजना कार्यक्रम संचालन गर्न गराउन चाहने गैरसरकारी संस्थाहरुले नगरपालिकाबाट अनिवार्य अनुमति लिनुपर्ने ब्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।
- राष्ट्रिय अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुले नगरपालिकाले तोकेको प्रथमिकता क्षेत्रमा मात्र काम गर्न अनुमति प्रदान गरिनेछ ।
- नगर क्षेत्रमा संचालन गरिने बिभिन्न प्रकारका तालिम, सचेतनामुलक कार्यक्रम, बिशेष अभियानहरु संचालनका लागि स्थानीय गैरसरकारी संस्थाहरुलाई प्राथमिता दिईनेछ ।
- नगरपालिकाका सबै वडाहरुमा टोल बिकास संस्था गठन गरि शुरुमा केहि प्रशासनिक अनुदान प्रदान गरिनेछ र आगामी बर्षदेखि वडा स्तरका योजना तथा कार्यक्रमहरु संचालनमा यीनलाई प्राथमिकता दिईनेछ ।
- गैरसरकारी संस्थाहरुले नगरपालिकाले स्विकृत गरेको मापदण्ड भित्र रहेर नगर क्षेत्रमा कार्यक्रम संचालन गर्नु पर्ने ब्यवस्थालाई अनिवार्य गरिनेछ ।
- कर सचेतना, वतावणीय सरसफाई तथा बिभिन्न किशिमका सचेतामुलक कार्यक्रम संचालन गर्नका लागि स्थानीय गैरसरकारी संस्थाहरु संग सहकार्य गरिनेछ ।

### ५.९ पञ्जिकरण तथा सामाजिक सुरक्षा

- हाल १३ वटा वडाहरुमा Online System बाट संचालन भैरहेको ब्यक्तिगत घटना दर्ता प्रणालीलाई यसै बर्ष भित्र सबै वाडमा बिस्तार गरिनेछ ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण ब्यवस्थापन सूचना प्रणाली (MIS) मा Entry गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- जेष्ठ नागरिक, एकल महिला, अपांग आदिले प्राप्त गर्ने सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउनका लागि प्रदेस सरकार संग समन्वय गरिनेछ ।
- जेष्ठ नागरिक तथा परिचय-पत्र वितरण कार्यलाई सरल, सहज र व्यवस्थित र झन्झटमुक्त बनाउन वडाबाटै परिचय पत्र बितरणको ब्यवास्था गरिनेछ ।
- अति अशक्त अपांगता भएकाहरुको परिचय पत्र घर दैलोमै गई बितरण गरिनेछ ।

## घ) पूर्वाधार विकास

### १. सडक तथा भौतिक निर्माणतर्फ

- **नगरस्तरीय सडक गुरुयोजना (MUNICIPAL TRASPORT MASTER PLAN- MTMP)** लाई समसामयिक रुपमा परिमार्जन गर्दै लगिनेछ ।
- नगरका बिभिन्न वडाहरुमा प्रारम्भ गरिएको सडक बिस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
- स्थानीय सार्वजनिक यातायात बस, ट्याक्सी र ट्याम्पो लगायतको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गरिनेछ ।
- कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडकहरुलाई नियमित रुपमा बार्है महिना संचालन हुने व्यवस्था गरिनेछ
- नगरपालिका भित्र निर्माण हुने केन्द्रीय तथा क्षेत्रिय सडकहरुको अनुगमन तथा नियमनको कार्यलाई प्रभाबकारी बनाइने छ ।
- आगामी तिन बर्षभित्र सबै टोल र बस्तीमा सडक सञ्जाल पुऱ्याइने गरी काम अगाडी बढाइने छ ।
- बजार क्षेत्रमा सडक बिस्तार र कालो पत्रे गर्ने नीति लाई निरन्तरता दिईनेछ ।
- हरित सडकका लागि मुख्य सडकको वरिपरि बृक्षारोपण गरिनेछ ।
- नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनका लागि निर्माण गरिएको सार्वजनिक जग्गा संरक्षण समितिलाई सक्रिय बनाईनेछ ।
- नगर भित्रका सबै क्षेत्रमा बिद्युत लाईन बिस्तार गरि बिद्युत सुबिधा उपलब्ध गराईनेछ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्हारका लागि स्थापना गरिएको मर्मत सम्हार कोषमा पर्याप्त रकम बिनियोजन गरिने छ ।
- नगरपालिकाको क्षेत्र भित्र उपयुक्त स्थानमा बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ र यसका लागि प्रदेश सरकर संग सहकार्य गरिनेछ ।
- बजार क्षेत्रमा यातयातलाई व्यवस्थित बनाइने नीति तर्जुमा गरिने छ ।
- नगरपालिकाको ३ नं वार्डमा बिस्तार भएको सडकको बिस्तृत परियोजना प्रस्ताव तयारी कार्य प्रारम्भ भैसकेकोले चालु आ.ब. मै नाला तथा सडक निर्माणका लागि प्रदेश सरकार संग अनुरोध गरिने छ ।
- यस नगरपालिकाको जिरोमाईल देखि सर्रे अम्बास हुँदै जाने सडकलाई उदयपुर जिल्लाको को मदनभण्डारि मार्ग संग जोडने कार्यको लागि संघीय सरकार संग समन्वय गरिने छ ।
- चालु आ.ब. भित्रै यस नगरपालिकाको निम्न स्थानहरुमा झोलुङ्गे पुल निर्माण गरिने छ, जसका लागि संघीय सरकार संग समन्वय गरिनेछ ।
  - सर्रे खोलाको बिहीबारे
  - सर्रे खोलाको सनेसटार
  - खुट्टी खोलाको खुट्टी स्कूल नजीक
  - खुट्टी खोलाको गढमे
  - मडयान खोलाको मडयान

- महाजनी खोलाको महाजनी

## २. भवन तथा सहरी विकास

- नगरपालिका गठन हुनु पूर्व निर्माण भएका  लोड बोरिङ्ग ढलान तथा काडी पाटन र ईटालाई सिमेन्ट मसाला माटो जोडाई गरी बनेका जस्ता छाना भएका घरहरुको नियमितका लागि सूचना प्रकाशन गरि थप मौका प्रदान गरिनेछ
- यस नगरपालिकाको जडा नं १० मा नेपाल सरकार शहरी विकास मन्त्रालय संग समन्वय गरि बहुउद्देशीय ब्यापारिक भवन निर्माणको लागि बिस्तृत परियोजना प्रस्ताव यसै आ.ब. भित्र तयार गरिनेछ ।
- नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले कार्यालयहरुका तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम सजाय समेत गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- शहरी बिकास तथा भवन निर्माण आचार संहिता २०७२ लाई कडाइका साथ लागू गरिनेछ ।
- सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन । यस्ता जग्गामा निर्मित संरचनाहरुलाई करको दायरामा ल्याईनेछ ।
- भवन निमार्णका लागि अनुमती दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।
- नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरीएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निमार्ण अनुमति दिईने छैन ।
- बढ्दो जनसंख्या र नागरीकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालय संग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गर्ने नीति अवलम्वन गरीनेछ ।
- नगरपालिकाका प्रमुख सडक, शाखा सडक र भित्री सडकहरु क्रमशः **कालोपत्र** गर्दै लगिने छ ।
- नागरिकको अत्यन्त गुनासोको रुपमा रहेको घरनक्सा पास प्रक्रियालाईं सहज र सरलिकृत गर्न ' कम्प्यूटर सफ्टवेयर जडान गरिनेछ ।
- घर नर्मािणका लागि घरनक्सा अनुमती दिंदा पूर्व पश्चिम राजमार्गसंग जोडिएका जग्गाको हकमा सरकारले तोकेको सडक अधिकारक्षेत्र भित्र पर्ने १०२ फिट पछि थप ३ फिट छाडेर भवन निर्माण गर्ने गरी मात्र भवन निर्माण अनुमती दिने नीति लाई निरन्तरता दिईनेछ ।
- पूर्वपश्चिम लोकमार्ग र सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरीनेछ । नगर क्षेत्रका सडक पेटीमा निमार्ण सामाग्री राख्ने र छाडा चौपाया छाड्ने व्यक्तिहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउने नीति अबलम्बन गरीने छ । सो को लागि काञ्जिहाउस निर्माण कार्यको थालनी गरिनेछ ।
- नगरपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/निर्माण व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थलमै होर्डिङ्ग बोर्ड राख्ने नीतिलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गरीनेछ ।
- धनगढीमाई नगरपालिकाको केन्द्र स्थित आफ्नै स्वमित्वमा रहेको जग्गामा मुख्य प्रशासकीय भवन निर्माण कार्य थालनी यसै वर्षबाट प्रारम्भ गरि ३ बर्ष भित्र सम्पन्न गरिनेछ ।
- नगरपालिकाको मुख्य ब्यापारीक क्षेत्रका घरहरुलाई मेट्रिक प्रणाली बाट नम्बरिंग गरि व्यवस्थित गरिनेछ ।

## ३. भूमी व्यवस्थापन तथा वस्ती विकास

- **भू-उपयोग गुरु योजना** जारी गरीने नगरपालिका भित्रका जग्गाहरुको बर्गिकरण गरि आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवम् हरियाली क्षेत्र, वन, कृषि एवम् सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत नगर विकास योजनाले निर्दिष्ट गरे बमोजिमका वस्ती विकास एवं व्यवस्थित नगर निमार्ण गर्ने नीति अबलम्बन गरीनेछ ।
- नगरपालिकाको एकीकृत नगर विकास गुरुयोजना बमोजिम संघीय र प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा व्यबस्थित स्मार्ट सिटीको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

- वैज्ञानिक भूमि व्यवस्थापन र भू-उपयोगको नीति क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका भित्रका बिपन्न दलित बर्गहरुको सामुहिक आवाशको लागि पुर्वाधार निर्मण गरिनेछ ।
- भूमिमाथि जोताहा किसानहरूको स्वामीत्वलाई सुनिश्चितका लागि संघिय तथा प्रदेश सरकारको नीति बमोजिम लागु गरिनेछ ।
- सबै गरीब, भुमिहिन, दलित बस्तीहरूमा सामुदायिक भवन (दलान) निर्माण कार्य प्राथमिकतामा राखिनेछ ।
- जग्गा प्लटिङ्ग गर्ने प्रक्रियालाई व्यवस्थित बनाईने छ । नगरपालिकाबाट जग्गा प्लटिङ्ग योजना स्वीकृत नगराई जग्गा प्लटिङ्ग गर्न दिइने छैन । नगरपालिकाबाट स्वीकृत जग्गा प्लटिङ्ग योजनाको आधारमा मात्र कित्ता काट गरी नक्सा पासका लागि सम्वन्धित कार्यालयमा सिफारीस गरीने छ ।
- नगर भित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी पर्ति जग्गाको एकिकृत लगत तयार गरिने छ । सो का लागि गठित समितिलाई सक्रिय बनाईनेछ ।
- नगर भित्रका ऐलानि पर्ति जग्गाहरुको कब्जा गर्ने कार्यलाई निरुत्साहित गरि यस्ता जग्गामा समुहिक खेखि प्रोत्साहन गरिनेछ ।
- भूमीहीन सुकुम्बासीहरुको व्यवस्थित बसोबासका लागि दलित, लोपोन्मुख एवं सीमान्तकृत समुदायमा **जनता आवास कार्यक्रम** विस्तार गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## ४.उर्जा तथा विद्युतीकरण

- नगर भित्रका सार्वजनिक स्थान र सडक एवं वजार, गाउँ टोलहरुमा सडक वत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्युतिकरण हुन वाँकी रहेका वस्तीहरुमा विद्युतिकरण गर्दै लगिनेछ । काठका पोललाई क्रमशः विस्थापित गरी फलाम र सिमेन्टका पोल प्रयोग गर्ने नीति लिईनेछ । मुख्य वजार क्षेत्रमा सौर्य उर्जा (solar pawer) का सडक वत्ति राख्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- नगरपालिकाको सबै बस्तीमा बिद्युतको विस्तार गरिने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।
- चालु आर्थिक बर्ष भित्र नगरका सम्पूर्ण बस्तीहरुमा बिद्युत सेवा पुर्याई अन्धकार मुक्त नगर घोषणा गरिनेछ ।

## ५. सूचना तथा सञ्चार

- इन्टरनेट सेवा जडान गर्न बाँकी रहेका वडा कार्यालयहरुमा सोलार जडान गरी इन्टरनेट सेवा बिस्तार गर्दै सेवा प्रवाहलाई सरलीकरण गरिनेछ ।
- प्रत्येक वडाहरुको कम्तिमा १/१ वटा स्थानमा Free Wifi Zone को ब्यवस्था गरिनेछ ।
- युवा सूचना केन्द्रको स्थापना कार्यको थालनी गरिनेछ ।
- सबै वस्तिहरुमा टेलिफोन तथा मोबाइल सेवा पुऱ्याउन पहल गरिने छ र इन्टरनेट सेवालाई बिस्तार गरिनेछ ।
- आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन कार्यलाई व्यवस्थित गरिनेछ ।
- एक सय वाट सम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र  नियमन कार्यलाई कानून बनाई व्यवस्थापन गरिनेछ ।
- आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

- प्रत्येक वडामा पहुँच पुग्ने गरी छापा माध्यम तथा बिधुतिय माध्यमका सञ्चार सेवा र संञ्चार गृहको स्थापना, स्तर उन्नती तथा बिकासको लागि पहल गरिनेछ ।
- नगरपालिकाबाट हुने र भएका कार्यक्रमहरुको सार्वजनिकीकरण गर्न पत्रकार महासंघ सँग समन्वय गरी चौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वन गरिनेछ ।
- नागरिकको सूचनाको हकलाई प्रत्याभुत गर्न बिभिन्न किशिमका प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।
- नगरपालिकाको सूचना तथा समाचार सम्प्रेषण गर्ने संचार माध्यमलाई प्रोत्साहन गर्न नगरपालिका स्थापना दिवशको दिन उत्कृष्ठ सन्चार माध्यमलाई पुरस्कृत गरिनेछ ।

## ७. योजना छनौट तथा कार्यान्वयन

- तल देखी माथि जाने (Bottom Up Approach) नीति अनुसार टोल/वस्तिहरुबाट योजना छनौट गरिने कार्यलाई अझ प्रभावकारी बनाईनेछ ।
- योजना छनौट तथा प्राथमिकिकरण गर्दा दीगो विकासको अवधारणाको अतिरिक्त राष्ट्रिय बिकास नीति, गरिबी निवारण, वातावरणीय अनुकुलनता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।
- योजना चक्रको प्रत्येक चरणमा सरोकारवाला तथा हितग्राही समूहलाई सहभागी गराईने छ ।
- बढी भन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिईनेछ ।
- वडास्तरीय साना योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्रथमिकता दिईनेछ ।
- योजना अनुगमन तथा मूल्याङ्कन कार्य निरन्तर रुपमा हुने व्यवस्था मिलाईनेछ ।
- उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीति लिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र ठुला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगरपालिकाबाट अनुमती लिनु पर्ने व्यवस्था लागु गरिनेछ ।
- प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने सशर्त योजनाहरु छनौटमा नगरपालिकाको अनिवार्य सहभागिता हुनु पर्ने ब्यवस्थाका लागि सम्बन्धित सरकार संग समन्वय र सकार्य गरिनेछ ।
- नगरपालिका संग समन्वय नगरि माथिबाट साझै कार्यान्वयनका लागि पठाईएका योजनाहरुको संचालन, ब्यवस्थापन तथा अनुगमनमा उदासिनताको नीति लिईने छ ।
- नगरसभाबाट बजेट पारित भए पश्चात सबै शाखाहरुले १ महिना भित्र बार्षिक कार्ययोजना बनाई पेश गर्नु पर्ने ब्यवस्थालाई अनिवार्य गरिनेछ ।
- बार्षिक कार्ययोजना बनाउदा आषढ महिनालाई सुन्य महिना घोषणा गरिनेछ ।
- बिषयगत शाखाहरुले चौमासिक रुपमा प्रतिबेदन गर्ने प्रणालीलाई अनिवार्य गरिनेछ ।

## ८. खानेपानी तथा सरसफाई

- स्वच्छ खानेपानी स्वस्थ्य जीन्दगानी भन्ने नीतिलाई अवलम्बन गर्दै देहायका कामहरुलाई प्राथमिकतामा राखि काम अगाडी बढाइनेछ ।
- सबै नगरबासीहरूलाई ४ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाईकार्यान्वयन गरिनेछ । निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित सरकारी निकायमा विशेष पहल गरिनेछ ।
- युनिसेफ नेपाल संगको सहकार्यमा सबैका लागि खानेपानी र सरसफाईमा तिब्रता कार्यक्रम नगर भरिनै संचालन गरिनेछ ।
- गाउँघर सरसफाई अभियान सञ्चालन गर्दै फोहर व्यवस्थामा जोड दिइनेछ ।

- ➢ सफा पानी, स्वच्छ नागरिक, प्रत्येक नागरिकको खानेपानीमा पहुँच पुऱ्याउन एक घर एक धाराको कार्यक्रमलाई क्रमशः अभियानको रुपमा अगाडी बढाइनेछ ।
- ➢ युनिसेफ नेपाल संगको सहकार्यमा वडा नं १३ को दुरबिन डाँडा क्षेत्रलाई सुरक्षित खानेपानी समुदाय घोषणा गरिनेछ ।
- ➢ वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरुवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला सहयोगी निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धीकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ९.सिँचाई

- ➢ नगरपालिका क्षेत्र भित्रका सिंचाई प्रणाली व्यवस्थित गर्न बिशेष पहल गरिनेछ ।
- ➢ नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चिता गर्न आवश्यक कार्य गरिनेछ ।
- ➢ सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण गरी सिँचाई गुरुयोजनाको निर्माण, कार्यान्वयन र स्तरोन्नतिको लागि कार्य अगाडी बढाइनेछ ।
- ➢ स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन गरिनेछ ।
- ➢ नदी खोला बाढी एवं जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको लागत तथा श्रम सहभागितामा कार्य अगाडी बढाइनेछ ।
- ➢ सामुहिक र सहकारी खेतिका लागि मापदण्डको आधारमा सिंचाईको व्यवस्था गरिनेछ ।

## ङ) वातावरण तथा विपद् व्यवस्थापन

### .१. वन तथा वातावरण

- ➢ जैबिक बिबिधताको संरक्षण गर्दै वैज्ञानिक वन व्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ ।
- ➢ नगरपालिका भित्र रहेका निजि, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।
- ➢ वनजंगलमा हुने चरिचरन कार्यलार्य निरुत्साहित गर्ने नीति ल्याईनेछ ।
- ➢ बाढी पहिरोबाट जोगाउन भु-संरक्षण, तटबन्ध व्यबस्थापन, बृक्षारोपन र जैविक विविधतालाईसंरक्षण गर्दै बनलाई डढेलोबाट जोगाउन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ
- ➢ सामुदायिक वन उपभोक्त समुहहरुलाई नियमन र नियन्त्रण गर्दै वन संरक्षण र बिकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- ➢ सार्वजनिक तथा वन क्षेत्र भित्रका खाली जमिनमा बृक्षारोपण गर्दै लगिनेछ ।
- ➢ वातावरण संरक्षण सम्वन्धमा विद्यालय स्तर सम्म सचेतना मूलक कार्यकम संचालन गरिनेछ ।
- ➢ नगरपालिका सबै वडाहरु समेट्ने गरी जलवायु परिवर्तन सम्वन्धी स्थानीय अनुकुलन कार्य योजना (लापा) तर्जुमा गरी प्रथमिकताका साथ कार्यान्वयन गरिनेछ
- ➢ जथाभाबी अनयन्त्रीत रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी बालुवा उत्खनन्लाई कार्यरोकी नगरपालिकाले प्रारम्भिक वातावरणीय मूल्यांकन गरि ठेक्का मार्फत उत्खनन कार्यलाई व्यबस्थित गर्न कार्यबिधी निर्माण गरिनेछ ।
- ➢ वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ ।
- ➢ सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ ।
- ➢ नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा, पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन कार्यक्रममा सरोकारवाला निकायको समन्वय र सहयोगमा उचित व्यवस्थापन गरिनेछ ।
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण र प्रबर्द्धन गरिनेछ ।
- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गरिनेछ ।
- वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

## २. विपद व्यवस्थापन

- नगर क्षेत्रमा हुने विपद, महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगर स्तरीय विपद व्यवस्थापन समिति गठन भई सकेको सन्दर्भमा विपद् व्यवस्थापन समितिलाई सक्रिय र साधन स्रोत सम्पन्न बनाईनेछ ।
- प्रकोपकजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय **विपद जोखिम व्यवस्थापन योजना** तर्जुमा गरीनेछ ।
- विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ ।
- नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिसकिएकोमा यस प्रन्येक बर्ष उल्लेख रकम संचित गरिनेछ ।
- बिपद् पिडितलाई तत्काल राहततथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनसक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।
- भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिनेछ ।
- बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
- बिपद् पूर्बतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी, गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिनेछ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- प्राकृतिक विपदको प्रारम्भिक खोज तथा उद्धारका लागि मौजुदा अवस्थामा रहेको नगर प्रहरीलाई परिचालनको लागि स्रोत साधन र प्रविधियुक्त बनाई तयारी अवस्थामा राखिनेछ ।
- सम्भावित बिपद् बाट समुदायलाई जोगाउन पुर्व अनुमान सूचना प्रणालीका लागि प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## ३. फोहोर मैला तथा ढल व्यवस्थापन

- **नगर क्षेत्रको** फोहरमैलालाई व्यवस्थापन का लागि ल्याण्डफिल्ड साइटको खोजी गरी परामर्शदाता मार्फत अध्ययन गराई प्रतिबेदन तयार गरिनेछ ।
- जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिनेछ ।
- नगरमा व्यवस्थित ढल निकासका लागि योजना तजुमा गर्न आवश्यक अध्ययन गराउन पहल गरिनेछ ।
- वातावरण प्रदुषण हुन नदिन नगरपालिका भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण, प्रयोगमा रोक लगाउने नीति लिईनेछ ।
- सरोकारवाला निकायको सहयोगमा ल्याण्डफिल साईड सम्वन्धी थप अध्ययन गराई फोहर व्यस्थापनको दीगो प्रवन्ध मिलाईले छ सो का लागि छिमेकी नगरपालिकासंग पनि समन्वय गरिनेछ ।

- बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाधेको वा छाडेने कार्यलाई निरुत्साहित र दण्डित गरिने छ साथै विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई ब्यबस्थीत रुपले संञ्चालन गरिने छ । यसका लागि सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ ।
- उपभोग्य बस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा म्याद नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिनेछ ।
- नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने/बनाउन अनुमति दिईनेछ ।
- जग्गा प्लटिङ गरी व्यवसायिक रुपमा कारोवार गर्नु पूर्व खुल्ला क्षेत्र सहितको नक्सा नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गराउनु पर्नेछ ।
- विपद् प्रतिकार्य योजनाका लागि नेपाल रेडक्रस सोसाइटी नेपाल प्रहरी, सशत्र प्रहरी बल नेपाल समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको निर्माण गरीनेछ ।
- नगरपालिका क्षेत्रलाई भुकम्प जस्ता दैवी प्रकोपको क्षति न्यूनिकरण गर्न भुकम्प प्रतिरोधी भवन निमार्ण तालिम आबश्यकताका आधारमा संचालन गर्ने नीति अबलम्बन गरीनेछ । साथै भूकम्प प्रतिरोधि तालिम लिएका निर्माण व्यवसायी संगको सम्झौता सहित घरनक्सा पासका लागि आवेदन दिने अनिवार्य व्यवस्था गरीनेछ । प्रत्येक वर्ष त्यस्ता व्यवसायिले तोकेको शुल्क तिरी सो प्रमाणपत्र नविकरण गर्नुपर्नेछ ।
- कुहिएर जाने र नजाने फोहर छुट्टयाई फोहोरबाट मोहर बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- फोहोर मैला ब्यबस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।
- घरबाट निस्कने फोहोर आफै व्यवस्थापन गरि फोहोरको मात्रा घटाउनका लागि प्रत्येक घरका गृहणीहरुलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई थप व्यवस्थित प्रभावकारी र दिगो बनाउनका लागि यसलाई सामाजिक रुपान्तरणको महा अभियान संग आवद्ध गरिनेछ ।

## च) सार्वजनिक सेवा तथा क्षमता विकास

### १.संस्थागत विकास तथा सेवा प्रवाह

- आम जनतालाई सेवा दिने कार्यालयहरूलाई प्रत्यक्ष रुपमा महसूस हुने गरी दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वशुलभ, जनमुखी र पारदर्शी बनाउदै लगिने छ ।
- सार्वजनिक सेवा प्रवाहमा सकारात्मक बिभेदको नीति लिईने छ ।
- सार्वजनिक प्रशासनलाई भ्रष्टाचार मुक्त बनाई सुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अनुशासित र मर्यादित बनाउनका लागि हाजिरिलाई बिद्युतीय माध्यममा संचालन गरि यसलाई क्रमशः तलब सुबिधा संग आबद्ध गरिने छ ।
- नगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत जनशक्तिको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।
- कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गरिने छ ।
- चालु आ.ब. भित्रै लोकसेवा मार्फत रिक्त पदहरु पुर्ति गरिने छ ।
- जनप्रतिनिधिहरु र नगरपालिकामा कार्यरत कर्मचारीहरुका बीच कम्तिमा चौमासिक रुपमा लिखित प्रतिबेदन सहित संयुक्त बैठक बस्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- करार सेवाद्धारा व्यवस्थापन गरीएका जनशक्तिलाई निरन्तरता दिई उनिहरुको मनोबल उच्च बनाउन पारिश्रमिकमा समसामयिक बृद्धि गरि पोशक भत्ता तथा चाडपर्व खर्चको समेत व्यवस्था गरिने छ ।

- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय दर्ता चलानी तथा आबेदन प्रणली लागु गरिनेछ ।
- नगरपालिकाको आफ्नै वेभसाइटमार्फत् नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने कार्य लाई अफ प्रभावकारी बनाईने छ ।
- नगरपालिकाको सेवा प्रवाह तथा काम कारवाहीका सम्बन्धमा नियमित रुपमा सार्वजानिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यको थालनी गरिने छ ।
- कर्मचारीको योग्यता क्षमता र विज्ञताका आधारमा जिम्मेवारी प्रदान गर्नका लागि उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान (Right Man in the Right Place) भन्ने सिद्धान्त परिपालन गरिने छ ।
- कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिई प्रत्येक वर्ष नगरपालिका घोषणा मिति असोज २ गते कार्यालयको एक जना कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरिनेछ ।
- विकास निर्माण र सुशासन कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक वडामा टोल विकास समिति गठन गरि वडास्तरीय योजना सोहि समिति मार्फत संचालन गरिनेछ ।
- निर्वाचित पदाधिकारीहरुका लागि लागु गरिएको योगदानमा आधारित विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकामा करार सेवामा कार्यरत श्रेणिबिहीन कर्मचारीहरुको शीप क्षमता अभिबृद्धि गरि बहु आयामिक काममा लगाउनका लागि कम्प्यूटर, हाउस वायरिंग, प्लम्बिंग, मेकानिकल जस्ता तालिममा सहभागि अवशर प्रदान गरिनेछ ।

## २. सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन

- नगरपालिकाको लागि सार्वजनिक खरीद प्रक्रियालाई मितव्ययी र पारदर्शी बनाउनका लागि आपुर्तिकर्ता संग आवश्यक सामग्रीहरुको आर्थिक बर्षको सुरुमै दर भाउ लिई सोहि दरमा बर्ष भरि सामान आपुर्ति हुने व्यवस्था मिलाईनेछ ।
- सामग्री खरिद गर्दा सम्भव भए सम्म स्वदेशि तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिईने छ ।
- नगरपालिकाबाट हुने बिकास निर्माण तथा सामग्री खरिद सम्बन्धमा प्रकाशित गरिने सम्पूर्ण टेण्डरहरुलाई बिद्युतिय प्रणालीमा आबद्ध गरिने छ ।
- नगरपालिका तथा बिषयगत कार्यालयहरुबाट खरिद गरिएका खप्ने जिन्सी सामानहरुमा अनिवार्य रुपमा खाता पाना नम्बर लेख्न लगाईने छ ।
- नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखिनेछ ।

## ३. स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

- संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।
- जिल्ला समन्वय समिति, वडा तहसँगको सम्पर्क, समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायताका विषयमा व्यवस्थित कार्यविधि अपनाइनेछ ।

## ४. बैठक व्यवस्थापन

- नगर सभा र नगर कार्यपालिकाले निर्माण गरेको कानुनको परिधि भित्र रहेर हरेक सभाको बैठक व्यवस्थापन व्यवस्थित रुपमा गरिनेछ ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिने कार्यको थालनि गरिनेछ
- बैठकको मूल्य, मान्यता तथा वरियता समेतलाई मध्य नजर गर्दै बैठकलाई अनुशासित र मर्यादित बनाइनेछ ।

**५. बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- उपभोक्ताको हित संरक्षका लागि जनप्रतिनिधीको संयोजकत्वमा एक समिति बनाई नियमित रुपमा बजार अनुगमन गरिनेछ ।
- नगर क्षेत्रका मुख्य हाट तथा बजारहरुलाई व्यवस्थित गर्नका लागि बजार केन्द्रित पूर्वाधार शिर्षकमा बजेट बिनियोजन गरिने छ ।
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण र सो को व्यवस्थित कार्यान्वयन र नियमन र नियमन गरिनेछ ।
- कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिनेछ ।
- खानेपानी, खाद्य पदार्थको गुणस्तर नियन्त्रण, स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन गरिनेछ ।
- यस नगरपालिका भित्र संचालनम रहेका ब्यापार ब्यवसायलाई दर्ता गरि अभिलेख कायम गर्नका लागि ब्यापार समितिहरु संग समन्वय र सहकार्य गरिने छ ।

**६. आन्तरिक लेखापरीक्षण**

- नगरकार्यपालिकामा आन्तरिक लेखापरीक्षण शाखाको स्थापना भईसकेकोले चालु आ.ब. देखि आन्तरिक लेखापरीक्षणको कार्य यहि शाखा मार्फत गरिनेछ ।
- साविक गा.वि.स. तथा नगरपालिकाको लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत विवरण तयार गरी बेरुजु असुल उपर गरिनेछ ।
- लेखापालन तथा लेखापरीक्षण सम्वन्धी क्षमता विकास तथा तालीमको व्यवस्था गरिनेछ ।
- आर्थिक सुशासनका लागि चालु आ.ब. देखि पुर्व लेखापरीक्षणको अभ्यास गरिनेछ ।
- कर्मचारीहरुले बिभिन्न कार्यकालागि लिएको पेश्की समयमै फर्छ्यौट गर्ने व्यवस्था मिलाइनेछ ।

**७. विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण**

- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ ।
- उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख व्यवस्थित रुपमा राखिनेछ र वितरण कार्यलाई पारदर्शी बनाइनेछ ।
- स्थानीय चाडपर्वहरुमा आवश्यकता हेरी बिदा दिने नीति अवलम्बन गरिनेछ ।

**छ) कानून तथा न्याय**

**.१ नगर प्रहरी :**

- नगर प्रहरी सेवा करारमा नियुक्त गरिसकेको सन्दर्भमा नेपालको संबिधानको धारा २२६ को अधिनमा रही नगर प्रहरी बिनियमावली स्विकृत भैसकेकोले सोहि बिनियमावली बमोजिम नगर प्रहरी सेवालाई व्यवस्थित गरिनेछ ।
- स्थानीय तह सञ्चालन कार्यविधी अनुरुप नगरको शान्ति सुरक्षा र जनसेवाको कामलाई व्यवस्थित गर्न नगर प्रहरी गठन प्रक्रिया अगाडी बढाइने छ ।
- संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गरिनेछ ।
- नगर प्रहरी सम्बन्धी बिनियमावलीमा तोकिए बमोजिमको कार्य नगर प्रहरी मार्फत सम्पादन गराईने छ र यसको प्रभावकारी अनुगमनको ब्यवस्था मिलाईने छ ।

**२. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन**

- न्यायिक समितिको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिम संचालन गरिनेछ ।

- असहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- विवाद समाधान र मेलमिलापका लागि केन्द्र र सबै वडाहरुमा लागि मेलमिलाप केन्द्र स्थापना, सञ्चालन र क्षमता विकास गरिने छ ।
- शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरुको पुर्वाधार निमार्णमा आवश्यक सहयोग गरिने छ ।
- संबिधानमा उल्लेखित सबै संबैधानिक व्यबस्थाहरु, प्रदेश कानुन र स्थानीय तह सञ्चालनका लागि बनेका कानुन तथा कार्यबिधीहरु मातहत रहि कार्यान्वयन गरिने छ ।

**३. विधायन**

- कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न ऐन, नियम, निर्देशिका एवं कार्यविधि लगायतका कानूनको मस्यौदा तयारी गर्दा सरोकारवाला संग राय सुझव तथा सल्लाह लिई अन्तिम तयारी गरिनेछ ।
- नीति, कानुनको प्रमाणीक प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ ।

**ज) वित्तिय क्षेत्र**

**१.राजश्व परिचालन**

- करको दर भन्दा दायरा बढाउनका लागि प्रगतिशील कर प्रणाली अवलम्बन गरिने छ ।
- कर सम्बन्धी सचेतना जगाउनका लागि कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सबै करदाताहरु स्वतःस्फूर्त रुपमा करको दायरा भित्र आउने गरी करका नयां क्षेत्रहरु पहिचान गर्दै करका दरमा व्यापक न्यूनीकरण गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- कर प्रशासनलाई सरल, सवल र पारदर्शी बनाईने छ । सबै किसिमका आय र व्यवसायलाई करको दायरामा ल्याइने छ ।
- आन्तरिक आय वृद्धि गर्नेका लागि करका नया नया क्षेत्रहरुको खोजी गरिने छ ।
- चालु आ.ब. को प्रथम चौमासिक भित्रै कर सुधार योजना तयार गरिने छ ।
- गत आ.ब. देखि सम्पत्ती कर (PT) लागु गरिएकोमा यसलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक जग्गामा बनेका घर टहरा तथा संरचनाहरुको लगत संकलन गरि बहाल बिरौटि कर अशुल गरिने छ ।
- यस नगरपालिकाको आन्तरिक आय तर्फका राजस्व बुझाउन बाँकी रहेका हरु संग बक्यौता अशुलिका लागि ताकेता गरि उपयुक्त निर्णय लिईने छ ।
- दैबि प्रकोप, बिपदमा परेकाहरुलाई निशुल्क सिफारिसको व्यवस्था गरिने छ ।

**२. वित्तिय व्यवस्थापन तथा सुशासन :**

- वित्तीय अनुशासन कायम गर्न शुन्य पेश्की नीति लागू गरिने ।
- करको दरमा वृद्धि भन्दा करको दायरा विस्तर गर्ने नीति लिइनेछ सो अनुरुप लगाईएको सम्पत्ती कर लाई निरन्तरता दिईनेछ ।
- स्थानीय तहले कानुन अनुसार प्राप्त गर्नुपर्ने कर, दस्तुर, सेवाशुल्कलाई समयानुकुल वैज्ञानिक व्यावहारिक, नागरिकमैत्री तथा पारदर्शी बनाई नगरको समग्र आन्तिरिक आयमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक पारदर्शिताका लागि नगरपालिकामा भएका हरेक आर्थिक कारोवारहरुलाई वेभ साइट मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ ।
- नगरपालिकाबाट गरिने सम्पूर्ण ठेक्का पट्टाहरु E-Biding मार्फत गरिने नीति अवलम्बन गरिनेछ ।

**झ) विविध**

- नगर कार्यपालिका तथा वडाहरुको कामलाई व्यवस्थित गर्न चालु आ.व.मा लोकसेवा आयोग मार्फत सम्पूर्ण दरबन्दीहरु पुर्ति गरिने छ ।

- गत आ.ब.मा अस्थायी दरवन्दी सृजना गरी प्राबिधिक जनशक्ति भर्ना गरिएकोमा उक्त पदहरुलाई स्विकृत दरबन्दीमा मिलान गरि त्यस्ता कर्मचारीहरुको सेवालाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाका विरुद्धमा परेका विभिन्न उजुरीहरुको सम्बोधन तथा न्यायीक कार्यलाई व्यवस्थित गर्न र कानूनी परामर्शका लागि करारमा एक जना कानूनी सल्लाहकारको नियुक्ति गरिएकोमा सो व्यवस्थालाई निरन्तरता दिईने छ ।
- नगर प्रमुख ज्यूको व्यस्तता एवं कार्य जिम्मेवारीलाई मध्यनजर गर्दै नियुक्त गरिएको राजनैतिक सल्लाहकारको सेवालाई निरन्तरता दिईने छ ।
- स्थानीय तथा राष्ट्रिय दैनिक पत्रिका, रेडियो, टेलीभिजनका संवाददाता तथा पत्रकारहरुलाई नगर क्षेत्र मै रहेर काम गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धित निकाय संग समन्वय गरीने छ । नेपाल सरकारको स्वमित्वमा रहेका सरकारी संचार माध्यमहरुका संवाददाताहरु नगरपालिका क्षेत्र मै रहेर काम गर्ने वातावरण मिलाउन आबश्यक कदम चालिने छ ।
- नगरपालिकाको विकास निर्माण कार्यको सहजताको लागि खरिद गरिएको भारि यन्त्र उपकरणहरु संचालनको कार्यलाई व्यवस्थित बनाउनका लागि स्विकृत गरिएको कार्यबिधीलाई चालु आ.ब. देखि कार्यान्वयनमा लगिने छ ।
- धनगढीमाई नगरपालिकाको आफ्नै **एप्स** बनिसकेको हुँदा नगरपालिकाले संचालन गर्ने विविध गतिविधिहरु नियमित रुपमा सार्वजनिक गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रमा भएका विद्युत पोलहरुलाई नम्बरीङ्ग गर्ने कार्यको थालनी गरीने छ । साथै नगरक्षेत्र भित्र विद्युत पोलमा केवललाई, नेट, ल्याण्ड लाईनलाई करको दायरा भित्र ल्याईने छ ।
- नगर कै दुर्गम क्षेत्रको रुपमा रहेको १४ नं वडामा चालु आ.ब. भित्रै अप्टिकल फाईबर बिस्तार गरि ईन्टरनेट सेवा सुचारु गरिनेछ ।
- नगरपालिकाबाट प्रदान गरिएका सेवा तथा बिकास निर्माणका कार्यहरुको निश्पक्ष अनुगमन मूल्यांकनका लागि बिज्ञ सहितको Third Party Monitoring System लागु गरिने छ ।

धनगढीमाई नगरपालिकाको नगर सभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ को उपदफा १ अनुसार **धनगढीमाई नगरपालिकाको चौथो नगर सभामा प्रस्तुत् आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक नीति तथा कार्यक्रम**
नगर सभाबाट पारित भएको प्रमाणीकरण गर्दछु ।

दस्तखत :
नाम : हरिनारायण चौधरी
पद : सभा अध्यक्ष (नगर प्रमुख)
मिति : २०७६/०३/१०